# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या १, मिति: २०८०/०२/०१

## भाग–२

### भरतपुर महानगरपालिका नगर खेलकुद विकास कार्यविधि, २०७८ (प्रथम संशोधन) २०८०

## भरतपुर महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती, नेपाल

# भरतपुर महानगरपालिका नगर खेलकुद विकास कार्यविधि, २०७८ (प्रथम संशोधन) २०८०

**कार्यपालिकाबाट पारित मिति २०८०/०१/२६**

**प्रमाणिकरण मिति २०८०/०२/०१**

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका नगर खेलकुद विकास कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम “भरतपुर महानगरपालिका नगर खेलकुद विकास कार्यविधि, २०७८ (प्रथम संशोधन) २०८० रहेको छ।

२. मूल कार्यविधिको दफा ४ मा संशोधन:
मूल कार्यविधिको दफा ४ को, उपदफा ४ संशोधन गरिएको छ।

**संशोधित व्यवस्थाः**

वडास्तरमा खेलकुदको विकास गर्न प्रत्येक वडामा देहाय बमोजिमको ७ सदस्यीय वडा खेलकुद विकास समिति गठन हुनेछ।

१. वडा अध्यक्षले तोकेको व्यक्ति – संयोजक

२. वडाभित्रका विभिन्न विधाका खेलकुद विज्ञहरु, खेलाडी वा पूर्व खेलाडी मध्येबाट वडा समितिबाट मनोनित एकजना महिला सहित २जना – सदस्य

३. वडा स्तरका खेलकुद सम्बन्धि संस्था तथा क्लबहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना - सदस्य।

४. सामुदायिक तथा संस्थागत विद्यालयका खेलकुद शिक्षक मध्ये संयोजकले मनोनित गरेको १ जना- सदस्य।

५. वडा सचिव -सदस्य सचिव

३. मूल कार्यविधिको दफा ४ को उपदफा ४ पछि ४.१ र ४.२ थप गरिएको छ।

**थप गरिएको व्यहोराः**

४.१ वडास्तरीय खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. वडास्तरीय खेलकुद कार्यक्रम संचालन गर्ने गराउने ।

२. वडा स्तरका खेलकुदको लागि भौतिक संरचनाको पूर्वाधार निर्माण, योजना निर्माण, संञ्चालन तथा विकासको लागि वडा समितिलाई सल्लाह सुझाव दिने ।

३. खेलकुदको स्तर वृद्धि गर्न महानगरपालिका स्तरका विभिन्न विधाका खेलकुद प्रतियोगिताहरुमा खेलाडीहरुलाई सहभागी गराउने ।

४. खेलकुद विकास समितिलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने।

५. खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि वडा समिति समक्ष सिफारिस गर्ने ।

६. खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

७. कानुनतः दर्ता भएको खेलकुद सँग सम्बन्धित वडा भित्रका क्लब वा संस्थाहरुको अभिलेख राख्ने ।

८. खेलाडीको स्वास्थ्यको प्रवर्द्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने ।

९. खेलकुद मार्फत रोजगारी अभिवृद्धिका लागि आवश्यक पहल गर्ने ।

४.२ मनोनित सदस्यहरुको पदावधि तिन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

४. मूल कार्यविधिको दफा ५ मा उपदफा १९ थप गरिएको छ ।

**थप गरिएको व्यहोराः**

१९ खेलाडी प्रशिक्षणका लागि एकेडेमी तथा ट्रेनिङ्ग ट्रेनिङ्ग सेन्टर स्थापना र सञ्चालन गर्न महानगरपालिका समक्ष सिफारिस गर्ने ।

**आज्ञाले**

**नरेन्द्र कुमार राना**

**प्रमुख प्रशासकीय अधिकृत**